पाठ १८

# यूहन्ना १८

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशूको गिरफ्तारी
हन्नासको अगाडि येशू
पत्रुसले येशूलाई इन्कार गरेका
येशूलाई प्रधान पूजाहारीको प्रश्न
पत्रुसले येशूलाई फेरि इन्कार गरेका
पिलातसको अगि येशू
येशूलाई मृत्युदण्ड दिने घोषणा

## येशूको गिरफ्तारी

यूहन्ना १८:१-११ पढ्नुहोस्।

येशूलाई पक्राइदिनका लागि सिपाहीहरू लिएर यहूदा त्यहाँ आयो। त्यसले यो दुष्ट काम कसरी गर्न सक्यो? जब कुनै व्यक्ति



ख्रीष्टबाट टाढ़ा हुन्छ, आफूमाथि अधीन गर्नका लागि उसले शैतानलाई मौका दिन्छ।

४ देखि ६ पदसम्म फेरि पढ्नुहोस्। जब येशूले म "म उहीँ हुँ" भन्नुभयो, तब सिपाहीहरू भूइँमा लोटे। उहाँले तिनीहरूलाई नदिनुभएसम्म तिनीहरूले उहाँलाई समातेर लान सकेनन्। तर येशूले भाग्ने कोशिश गर्नुभएन। हाम्रा पापहरूका निम्ति उहाँ मर्नुचाहिँ परमेश्वरकै योजना हो भन्ने कुरा उहाँलाई थाहा थियो।

सिपाहीहरूले येशूलाई मात्र पक्रिनका निम्ति खोजिरहेका हुनाले येशूसँग हुने अरूहरूलाई स्वतन्त्र छोडिदिनू भनी येशूले सिपाहीहरूलाई भन्नुभयो। आफूले जस्तै आफ्ना जनहरूले संकष्ट भोग्न नपरोस् भनी आफू मर्ने बेलामा पनि येशूले विचार गर्नुभएको थियो।

आफ्ना प्रभुका निम्ति युद्ध गर्नका लागि पत्रुस तयार थिए। उनले आफ्नो तरवार निकालेर मुख्य पूजाहारीको कमाराको कान काटिदिए। येशूले यस मानिसलाई निको पर्नुभयो भनी लूकाले बताएका छन्। हुन सक्छ, यही कारणले गर्दा नै सिपाहीहरूले पत्रुसलाई दण्ड नदिएका हुन सक्छन्।

## तपाईंको अभ्यासको निम्ति

**१** बगैँचामा यहूदाले येशूलाई गरेको धोखाबाजबाट हामी के पाठ सिक्न सक्छौं?

**क.** हामीले बगैँचामा प्रार्थना गर्नुहुँदैन।
**ख.** हामी ख्रीष्टबाट तर्केर गएपछि हामीमाथि अधिकार गर्नका लागि हामी शैतानलाई मौका दिन्छौं।
**ग.** सिपाहीहरूलाई प्रार्थना सभामा भाग लिनका लागि मौका दिइनुहुँदैन।

**२** आफूलाई पक्रनका लागि सिपाहीहरू आउँदा येशू किन भाग्नुभएन वा उहाँले आफैलाई सुरक्षा गर्नुभएन?

**क.** उहाँ मर्नुपर्ने परमेश्वरको समय यही नै हो भन्ने कुरा उहाँलाई थाहा थियो।
**ख.** आफ्ना चेलाहरूले आफूलाई सुरक्षा गर्छन् भनी उहाँले आशा गर्नुभएको थियो।
**ग.** सिपाहीहरूसँग युद्ध गर्नका लागि उहाँसँग कुनै शक्ति थिएन।

**३** पत्रुसले बगैँचामा के गरे?

**क.** उनले पूरै रात प्रार्थना गरे।
**ख.** उनले स्वर्गबाट आगो खसोस् भने।
**ग.** उनले मुख्य पूजाहारीको कमाराको कान काटिदिए।

## हन्नासको अगाडि येशू

यूहन्ना १८:१२-१४ पढ्नुहोस्।

हन्नास र उनका जुवाइँ कैयाफा दुवैले विभिन्न समयमा प्रधान पूजाहारीको पद सम्हालेका थिए। येशूलाई मार्नका लागि तिनीहरूले एकसाथ षड्यन्त्र गरेका थिए। येशूचाहिँ खतरनाक आन्दोलनकारी नेता हुनुहुन्छ भनी तिनीहरूले उहाँलाई दोष लगाएका थिए। तिनीहरूले भने कि यदि उहाँलाई मृत्युदण्ड दिइएन भने रोमी सरकारले सबै मानिसहरूलाई मार्नू भन्ने आज्ञा रोमी सिपाहीहरूलाई दिनेछ। यो भनाइ वास्तवमा ठीक थिएन। येशूको मृत्युदण्डको माग गर्न अरू धार्मिक अगुवाहरूलाई पनि आफ्नो पक्षमा लिनका लागि तिनीहरूले यस्तो कुरा गरेका थिए।

कैयाफाले भनेका थिए कि सबै मानिसहरू मर्नुभन्दा जनताको निम्ति एक जना मानिस मर्नमा नै कल्याण छ। येशूको मृत्युको बारेमा एक महान् सत्यता आफूले भनिराखेको कुरा उनलाई थाहा थिएन। येशू हाम्रा पापहरूका निम्ति बलिदान हुनुहुन्थ्यो, यसैले नै हामीले दण्ड पाएका छैनौं।

नमरीकनै किन येशूले हामीलाई उद्धार गर्न सक्नुभएन भनी तपाईं छक्क पर्नुभएको होला। परमेश्वर असल हुनुहुन्छ। उहाँले पापलाई घृणा गर्नुहुन्छ– सबै खराब कुराहरूलाई। यसैले जसले खराब गर्छन् तिनीहरू परमेश्वरबाट अलग हुनुपर्छ। तर सबै जीवन र आनन्द परमेश्वरबाट नै आउने हुनाले उहाँबाट अलग हुनेहरू सबै मर्नैपर्छ।

पाप कति धेरै डरलाग्दो छ र पापको क्षमा हुनुभन्दा पहिले रगत बलिको माग गरी पापले कसरी मृत्यु ल्याउँछ भन्ने

सम्बन्धमा येशूले हामीलाई सिकाइसक्नुभएको छ। पापीको स्थान लिनका लागि भेड़ा, बोका र अन्य पशु-पक्षीहरूलाई बलिदान गरिन्थ्यो।

> "वास्तवमा, व्यवस्थाअनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन" (हिब्रू ९:२२)।

यी पशु-बलिहरूलाई घरीघरी दोहोऱ्याउनुपर्थ्यो, किनकि तिनीहरूले पापलाई हटाउन सक्दैनथे। परमेश्वरले हाम्रा निम्ति आफ्ना पुत्रको बलिदान नगरुञ्जेलसम्मका लागि ती अस्थायी प्रबन्धहरू मात्र थिए। येशूले हाम्रो निम्ति आफ्नो रगत दिनुहुनेछ। यदि अरू केही कुराले हामीलाई उद्धार गर्न सक्ने हो भने, परमेश्वरले आफ्ना पुत्रलाई हाम्रा निम्ति मर्नका लागि कहिल्यै दिनुहुने थिएन।

### तपाईंको अभ्यासको निम्ति

४ हाम्रा पापहरूबाट हामीलाई उद्धार गर्नका लागि किन येशू मर्नुपर्ने थियो?

**क.** किनकि उहाँको रगतको बगाइद्वारा मात्र हाम्रा पापहरूको पूर्ण रूपमा क्षमा हुने थियो।

**ख.** किनकि हामीहरू सबै मर्नुपर्छ, र हामीहरू मृत्युसँग डराउनुपर्दैन भनी देखाउनका लागि उहाँ पहिले मर्नुभयो।

ग. किनकि पापको निम्ति दिइएको बलिदान घरीघरी दोहोऱ्याउनुपर्छ भनी उहाँ हामीलाई सिकाउन चाहनुहुन्छ।

## पत्रुसले येशूलाई इन्कार गरेका

यूहन्ना १८:१५-१८ पढ्नुहोस्।

अर्को एक जना चेला भनी यहाँ उल्लेख गरिएका व्यक्ति यस सुसमाचारलाई लेख्ने यूहन्ना हुन्। आफू येशूको चेला हुँ भन्ने वास्तविकतालाई उनले लुकाउने कोशिश गरेनन् र उनले कुनै समस्याको सामना गर्नुपरेन। तर येशूको निम्ति बोल्नका लागि सधैं तयार छु भनी विचार गर्ने पत्रुसचाहिँ डराएका थिए। आफू येशूको चेला होइन भनी उनले भने।

तपाईं अरू ख्रीष्टियानहरूसँग हुनुहुँदा आफू ख्रीष्टियान हुँ भनी अरूहरूलाई अवगत गराउनु सजिलो छ। तपाईंका वरिपरि भएका मानिसहरू येशूका शत्रु हुँदाचाहिँ यो सजिलो हुँदैन। तपाईंले के गर्नुहुन्छ त?

> "यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु। तर हरेक जसले मलाई मानिसहरूका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु" (मत्ती १०:३२-३३)।

### तपाईंको अभ्यासको निम्ति

५ तपाईं ख्रीष्टियान हुनुहुन्छ भन्ने कुरा मानिसहरूलाई भन्नका लागि के तपाईंलाई कठिन परेको छ?

..........................................................................

तिनीहरूले तपाईंलाई सतावट दिन्छन् भन्ने डर के तपाईंलाई लागेको छ? ..................................................
तपाईंलाई चाहिने साहसको निम्ति परमेश्वरसँग बिन्ती गर्नुहोस्

---

**येशूलाई प्रधान पूजाहारीको प्रश्न**

---

यूहन्ना १८:१९-२४ पढ्नुहोस्।

हन्नास पहिले प्रधान पूजाहारी भएका हुनाले, उनलाई यहाँ प्रधान पूजाहारी भनिएको छ, यद्यपि यस बेलाचाहिँ कैयाफा प्रधान पूजाहारी थिए। येशूको मुद्दामा उहाँको विरुद्धमा केही कुराहरू प्रयोग गर्न सकिन्छ कि भनी हन्नासले येशूलाई बोल्न लगाएर पासोमा पार्ने कोशिश गरेका थिए, तर येशूले उनका प्रश्नहरूको जवाफै दिनुभएन।

सिपाहीहरूले येशूलाई कैयाफाका घरमा लिएर गए। त्यहाँ उहाँलाई महासभा भनिने धार्मिक अदालतद्वारा सोधपूछ गरिएको थियो। यो सोधपूछ कार्यचाहिँ असंवैधानिक थियो। येशूलाई पक्रेको केही समयपछि नै, राती गोप्य रूपमा यसलाई सञ्चालन गरिएको थियो। उहाँका पक्षमा बोल्नका लागि कुनै पनि साक्षी बोलाउने मौका त्यहाँ थिएन। महासभाका प्रायःजसो सदस्यहरूले निर्णय गरिसकेका थिए कि येशूलाई मृत्युदण्ड दिनैपर्छ। तिनीहरू सोधपूछको यस तरीकाबाट जानुको उद्देश्य संयुक्त रूपमा दोष लगाई उहाँलाई पिलातसकहाँ सुम्पिनका लागि हो।

### तपाईंको अभ्यासको निम्ति

६ हन्नासले किन येशूलाई प्रश्न गरे?

क. उहाँको सिद्धान्त सिक्नका लागि।
ख. उहाँको बारेमा अझै जान्नका लागि।
ग. उहाँलाई पासोमा पार्ने कोशिश गर्नका लागि।

## पत्रुसले येशूलाई फेरि इन्कार गरेका

यूहन्ना १८:२५-२७ पढ्नुहोस्।



येशूका चेला हौ कि भनी तीन पल्ट पत्रुसलाई प्रश्न गरिंदा, उनले तीनैपल्ट आफ्ना प्रभुलाई इन्कार गरेका थिए। येशूले भन्नुभएझैं भाले बास्यो। जब येशूले पत्रुसलाई हेर्नुभयो, उनले आफ्ना मालिकलाई कसरी इन्कार गरे भन्ने कुरा पत्रुसले सम्झे। उनी आफूले गरेको काममा दुःखित भई धुरुधुरु रोए।

### तपाईंको अभ्यासको निम्ति

७ प्रधान पूजाहारीको घरमा पत्रुसले के गरे?

क. प्रधान पूजाहारीको कमारोको कान काटिदिए।
ख. उनले तीन पल्ट आफ्ना प्रभुलाई इन्कार गरे।

## पिलातसको अगि येशू

यूहन्ना १८:२८-३८ पढ्नुहोस्।

महासभाले कसैलाई पनि मृत्युको सजाएँ दिन सक्दैनथ्यो। त्यसैले तिनीहरूले येशूलाई रोमी बडाहाकिम पिलातसकहाँ पठाए। येशूले उहाँको आफ्नै राज्य स्थापना गर्न लाग्नुभएको छ भनी तिनीहरूले उहाँलाई दोष लगाए। योचाहिँ देशद्रोही काम थियो र यसो गर्ने व्यक्तिलाई मृत्युको सजाएँ दिन सकिन्थ्यो।

यस झूटो आरोपको विरुद्धमा येशूले आफैलाई बचाउने कोशिश गर्नुभएन। उहाँले पिलातसलाई भन्नुभयो कि उहाँ राजा हुनुहुन्छ तर उहाँको राज्यचाहिँ यस संसारको होइन। उहाँको राज्य उहाँलाई ग्रहण गर्नेहरूका जीवनमा आत्मिक राज्य हो।



### तपाईंको अभ्यासको निम्ति

८ येशू राजा हुनुहुन्छ कि भनी पिलातसले उहाँसँग प्रश्न गर्दा, येशूले के उत्तर दिनुभयो?

क. "होइन, मलाई भूटो आरोप लगाइएको छ।"
ख. "मेरो राज्य यस संसारको होइन।"
ग. "मेरो राज्यचाहिँ रोमी साम्राज्यभन्दा पनि ठूलो छ।"

९ के तपाईंले येशूलाई तपाईंको आफ्नो जीवनका राजाको रूपमा ग्रहण गर्नुभएको छ?

..................................................................

## येशूलाई मृत्युदण्ड दिने घोषणा

यूहन्ना १८:३८-४० पढ्नुहोस्।

सबै सोधपूछमा येशूलाई मृत्युदण्ड दिने कुरामा पिलातसले कुनै कारण नै भेट्टाएनन्। उनले मानिसहरूलाई यो कुरा बताए तर येशूलाई क्रूसमै टाँग्नुपर्छ भनी मानिसहरू जोडसँग चिच्च्याए। स्वतन्त्र छोडिदिनका लागि येशू वा डाँका बारब्बाका बीचमा रोज्नका लागि पिलातसले मानिसहरूलाई मौका दिए। मानिसहरूले बारब्बालाई रोजे। आज मानिसहरूले येशूको सट्टा पाप र पापपूर्ण आनन्दहरू छानिराखेका छन्। तपाईंको आफ्नै छनौटचाहिँ के हो? येशूलाई चाहिँ तपाईं के गर्नुहुन्छ?

**तपाईंको अभ्यासको निम्ति**

**१०** पिलातसको न्याय के थियो?

**क**. उनले भने येशू दोषी हुनुहुन्छ र उहाँ मर्नैपर्छ।
**ख**. उनले भने कि उनले येशूलाई निर्दोष भेट्टाएका छन्।
**ग**. उनले येशूलाई बारब्बासँगै भ्यालखानामा हालिदिनेछन्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

६ ग) उहाँलाई पासोमा पार्ने कोशिश गर्नका लागि।

१ ख) हामी ख्रीष्टबाट तर्केर गएपछि हामीमाथि अधिकार गर्नका लागि हामी शैतानलाई मौका दिन्छौं।

७ ख) प्रधान पूजाहारीको कमारोको कान काटिदिए।

२ क) उहाँ मर्नुपर्ने परमेश्वरको समय यही नै हो भन्ने कुरा उहाँलाई थाहा थियो।

८ ख) "मेरो राज्य यस संसारको होइन।"

३ ग) उनले मुख्य पूजाहारीको कमाराको कान काटिदिए।

१० ख) उनले भने कि उनले येशूलाई निर्दोष भेट्टाएका छन्।

४ क) किनकि उहाँको रगतको बगाइद्वारा मात्र हाम्रा पापहरूको पूर्ण रूपमा क्षमा हुने थियो।